आज मिति २०७६ साल जेठ १४ गते रामेछाप नगरपालिका, नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री नर बहादुर थापा मगरज्यूको अध्यक्षतामा बसी देहायका विषयहरुमा छलफल एवं निर्णयहरु भयो ।

उपस्थिति

१. नगर प्रमुख श्री नर बहादुर थापा मगर
२. नगर उप प्रमुख श्री श्रृजना खड्का
३. वडा नं. १, वडा अध्यक्ष श्री नर बहादुर थापा क्षेत्री
४. वडा नं. २, वडा अध्यक्ष श्री निर बहादुर श्रेष्ठ
५. वडा नं. ३, वडा अध्यक्ष श्री भूपाल राज श्रेष्ठ
६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र बहादुर तामाङ्ग
७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम बहादुर तामाङ्ग
८. वडा नं. ६, वडा अध्यक्ष श्री धन बहादुर खड्का
९. वडा नं. ७, वडा अध्यक्ष श्री समीर कार्की
१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की
११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र बहादुर श्रेष्ठ
१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु
१३. नगर कार्यपालिका सदस्य श्री समिता बि.क.
१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी बस्नेत कार्की
१५. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले
१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल
१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु
१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल
१९. नगर कार्यपालिका सदस्य श्री जनक राज सुनुवार
२०. प्रमुख प्रशासकीय अधिकृत श्री इश्वर राज दाहाल

आमन्त्रित

Scanned with CamScanner

छलफलका विषयहरु :

१. नयां बैक माग गर्ने सम्वन्धमा ।

२. ब्रेकर भाडामा लगाउने सम्वन्धमा ।

३. रिङ्गरोड डिपिआर संभ्कौता अनुमोदन सम्वन्धमा ।

४. शव बहान सञ्चालन कार्यविधि सम्वन्धमा ।

५. हाट बजार ठेक्का लगाउने सम्वन्धमा ।

६. आर्थिक सहायता माग सम्बन्धमा ।

७. औद्योगिक ग्राम स्थापना सम्वन्धमा ।

८. सवारी चालकहरुको दरवन्दी थप सम्बन्धमा ।

९. नगर सभा तयारी सम्वन्धमा ।

१०. योजना संभ्कौता समय तोक्ने सम्वन्धमा ।

निर्णयहरु :

१. यस नगरपालिकाको केन्द्र रामेछाप नगरपालिका वडा नं.८रामेछाप बजार स्थित एउटा मात्र बाणिज्य बैंक रहेको उक्त बैंकवाट कतिपय सरकारी कारोबार पनि नहुने,ग्राहकहरुको भीड समेत हुने अवस्था रहेको र एउटा कुनै एक बाणिज्य बैंक थप गर्न महसुश गरिएकोमा नेपाल क्रेडिट एण्ड कमर्श( NCC Bank) बैंकले नगरपालिका अन्तर्गत सबै वडाहरुको राजस्व संकलन तथा सरकारी कारोवार गर्न ईच्छुक भएको हुंदा रामेछाप बजारमा आफ्नो बैंकको शाखा स्थापना गर्न नगरपालिकाको सहमति पाउं भनी माग गरे अनुसार उक्त NCC बैंकलाई नगरपालिकाको सरकारी कारोवार समेत गर्ने गरी रामेछाप बजारमा स्थापनाका लागि सहमति दिने र बैंक स्थापनाका लागि महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंकमा अनुरोध गरी पठाउनका साथै सो को जानकारी कोष तथा लेखा नियन्त्रक कार्यालय रामेछापलाई दिने निर्णय गरीयो ।

२. यस नगरपालिकाले हालै खरिद गरेको ब्रेकरको नगरपालिकाद्धारा सञ्चालित आयोजानमा प्रति दिन रु. ७०००। (सात हजार) भाडा कायम गर्ने निर्णय गरीयो ।

३. प्रदेश नं. ३ प्रदेश सरकारबाट प्राप्त भएको रामेछाप नगर रिङ्गरोड डिपिआर निर्माणका लागि प्राप्त भएको रु. ५० लाखवाट कन्टिन्जेन्सी रु. १ लाख ५० हजार कटाई मिति २०७५/१२/२१ मा

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

C2TECH and Next JV संग रु. ४८,५०,०००। मा प्रमुख प्रशासकीय अधिकृतले गरेको संझौता अनुमोदन गर्ने निर्णय गरीयो ।

४. यस नगरपालिकालाई समाजसेवी रामेछाप निवासी श्री भरत चौलागाईबाट यस नगरपालिकालाई शव बहान उपलब्ध गराउनु भएकोमा वहांलाई नगरपालिकाको तर्फबाट धन्यबाद दिने निर्णय गरीयो । साथै निज चौलागाईबाट शव बहान चालकको लागि पारिश्रमिक बापत रु. २१८०००। प्राप्त भएकाले शव बहान चलाउन एक हलुका सवारी चालकको दरबन्दी स्वीकृत गर्ने र रामेछाप न.पा. वडा नं. ७ निवासी श्री राज कुमार कार्की संग भएको करार संझौता अनुमोदन गर्ने निर्णय गरीयो ।

शव बहान सञ्चालन सम्वन्धमा रामेछाप जिल्लाका नागरिकहरु दुर्घटनामा परी मृत्यु भएकाको हकमा निशुल्क उपलब्ध गराउने,कालगतिले मृत्यु भएकाको शव बहानका लागि नगरपालिका भित्र रु. ५०००। (पांच हजार) लिने, र नगरपालिका बाहिर कालगतिले मृत्यु भएकाको शव बहानका लागि प्रति किलो मीटर रु.५०।(पचास) एक तर्फीको मात्र भाडा लिने निर्णय गरीयो ।

शव बहान चालकलाई रामेछाप नगरपालिका भित्र प्रति ट्रिप रु.२००। र नगरपालिका भन्दा बाहिर प्रति ट्रिप रु.३००। र काठमाडौं जादा आउदा प्रति ट्रिप रु.२०००। दिने निर्णय गरीयो ।

५.यस नगरपालिका संग माग भए अनुसार देहाय बमोजिम आन्तरिक आयबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरीयो :

क. रामेछाप नगरपालिका वडा न.५ का खिरमान मगरको बाखा र गाई बगाएको हुंदा निजलाइं रु. २००००।( बीस हजार)

ख.रामेछाप नगरपालिका वडा नं.६ का पुन्नलाल श्रेष्ठको २०७२ सालको भुकम्पमा परी खुट्टा भाचिई पुन उपचार गर्नु पर्ने हुंदा निजलाई रु. २००००। (बीस हजार)

ग. रामेछाप नगरपालिका वडा नं.७ विर्तांघाटमा वेवारिसे लाश पोष्टमार्टमका लगि भाडाको ट्रेक्टर, त्रिपाल र डोरीमा लागेको खर्च रु. ३५०००। (पैतिस हजार)उपलब्ध गराउने ।

घ. रामेछाप नगरपालिका वडा नं.८ मईते सार्कीको गोठ जलेकोमा रु.२००००। (बीस हजार)

ङ.रामेछाप नगरपालिका वडा नं.४ मा करेण्ट लागी मृत्यु भएका बाबुराम श्रेष्ठको नजीकको हकदार लाई रु. २००००। बीस हजार ।

च.२०७६ जेठ २४ र २५ गते जिल्ला अस्पताल रामेछापमा मुटु तथा स्त्री रोग शिविर सञ्चालनका लागि गत गत आ.व. २०७४/७५को बांकी बजेटबाट रु. ५००००।(पचास हजार) उपलब्ध गराउने निर्णय गरीयो ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

६. यस नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ बमोजिम अपाङ्गहरुलाई परिचय पत्र वितरण गर्न सम्वन्धित वडा अध्यक्षको सक्रियतामा वडा वडामा गै परिचय पत्र वितरण गर्ने निर्णय गरीयो सो को लागि लाग्ने खर्च गत आ.व. २०७४/७५को बाँकी बजेटबाट गर्ने निर्णय गरीयो ।

७. मिति २०७६/१/२२ को पत्रबाट नयां गोरख गण, रामेछापबाट प्राप्त पत्रानुसार प्रत्येक महिना २४ जना शिक्षार्थी समावेश हुने गरी विपद् प्रतिकार्य तालिम संचालनका लागि शिक्षार्थी ,तालिम स्थान र खाजाको व्यवस्था नगरपालिकाले गरिदिन लेखी आए अनुसार देहाय बमोजिम गर्ने निर्णय गरीयो :

क. विपद् कार्य तालिम प्रत्येक महिनाको पहिलो हप्ता सञ्चालन गर्ने ।

ख. शिक्षार्थीहरु नगरपालिकाका वडाहरुले छनौट गरी पठाउने ।

ग. तालिम स्थान वडा नं. १,२ र ३ का लागि रामेछाप नगरपालिका वडा नं.३ सांघुटार रहने, वडा न ४,५,६,७,८ र ९ का लागि रामेछाप वजार रहने ।

घ. शिक्षार्थीहरुलाई खाजा वापत प्रति तालिम २४ जनाको लागि रु. १४४००। चौध हजार चार सय गत आ.व. २०७४/७५को बांकी बजेटबाट खर्च लेख्ने ।

ङ. उपरोक्त व्यहोरा नयां गोरख गण, रामेछापलाई लेखी पठाउने ।

८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा अनुगमन शाखाको प.सं. ०७५/७६। योजना। च.नं. ६३१ मिति २०७६/१/३० को पत्रसाथ प्राप्त औद्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि अध्ययन गरी एक महिना भित्र राय सुझाव पेश गर्न सबै कार्यपालिका सदस्यहरुलाई पठाउने निर्णय गरीयो ।

९. यस नगरपालिकाले हालै खरिद गरेको ट्रेक्टर एकको लागि एक जना चालकको दरबन्दी श्रृजना गर्ने गर्ने निर्णय गरीयो ।

१०. आगामी नगरसभा मिति २०७६ साल आषाढ २५ गते रामेछाप न.पा. वडा नं. ८ स्थित सामुदायिक हलमा विहान १०.०० बजे वस्ने निर्णय गरीयो ।

११. यस नगरपालिकाले पारित गरेका चालू आ.व.२०७५/७६ का योजनाहरु सञ्चालन गर्न यही २०७६ साल जेष्ठ मसान्त भित्र संझौता गरीसक्नु पर्ने निर्णय गरीयो ।

१२. यस नगरपालिकाले पारित गरेका चालू आ.व.२०७५/७६ का योजनाहरु संचालन भै भुक्तानी लगि सकेका पेश भए विवरण बमोजिमका सबै योजनाहरु फर फारक गर्ने निर्णय गरियो ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

१३. यस नगरपालिकाले पारित गरेका चालू आ.ब.२०७५/७६ का योजनाहरु वडा स्तरबाट योजना परिवर्तनका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएका योजनाहरु नियमानुसार मिल्ने योजना परिवर्तन गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

१४ चालू आ.ब.२०७५/७६ मा सशर्त अनुदान अन्तर्गत प्राप्त नविकरणीय उर्जा शीर्षकहरुमा प्राप्त रु २३,३६,०००। बाट वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको मार्ग दर्शनको बूंदा नं. ५ अनुसार निम्न शीर्षकहरुमा खर्च गर्ने निर्णय गरीयो :

क. नीतिगत खर्च :- नवीकरणीय उर्जाको सभाव्यता अध्ययन साथै परामर्श सेवाको लागि रु ३०००००।

ख. सुधारिएको चुल्हो (बायो मास) प्रविधि जडान वडा न. ४ तिलबारी दलित बस्ती रु. २००००।

ग. एकल महिला(नगरको ९ वटै वडामा प्राथमिकताको आधारमा)को लागि एक मुखे चुल्हो खरिद तथा वितरण रु. ५,००,०००।

घ. सौर्य सडक बत्ती जडान रु. १५,१६,०००।

१५. यस नगरपालिका भवनबाट कार्य सम्पादन गर्न स्थानको अपर्याप्त भएको हुंदा हालकै भवनमा तला थप गर्ने र सोका लागि परामर्शदाताको ड्रईङ्ग डिजाईन अनुसार लागत लाग्ने अनुमानित रु २,७०,९०,१८०।९६ मध्ये चालू आ.ब. २०७५/७६ का लागि छुटयाईएको रु. १ करोड तथा आगामी आ.ब. २०७६/७७ मा छुट्याईने रु. १,७०,९०,१८०।९६ समेतको आधारमा नियमानुसार बोलपत्र आह्वान प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

१६. यस नगरपालिका वडा नं. ७ मा वडा कार्यालय भवन निर्माण गर्न र वडा नं.४ मा शहरी स्वास्थ्य केन्द्र निर्माणका लागि जग्गाको स्वामित्व तथा भोगाधिकार एकिन नभै सकेको अवस्थामा स्थानीय स्तरमा उपलब्ध सार्वजनिक पर्ति जग्गामा निर्माण कार्य गर्नु पर्ने जरुरत रहेको तथा चालू आ.ब.२०७५/७६ को पनि अन्तिम हुन लागेको हुंदा पछि भोगाधिकार प्राप्त गर्ने गरी हाल निर्माण कार्य गर्दै रहने तथा भोगाधिकार प्राप्तीका लागि जिल्ला स्तरीय सरकारी जग्गा सिफारिस समितिबाट सिफारिस सम्वन्धी कारबाही अगाडि बढाउन रामेछापका प्रमुख जिल्ला अधिकारीलाइं अनुरोध गरी पठाउने निर्णय गरीयो ।

१७. आगामी आ.ब.२०७६/७७ का लागि वजेट तथा कार्यक्रम तयारी गर्नका लागि वडास्तरमा हुने भेलाका लागि प्रति वडा रु. १००००।(दस हजार) का दरले गत आ.ब. २०७४/७५को बाकी वजेटबाट गर्ने निर्णय गरीयो ।

१८.मेयर गोल्ड कप शीर्षकबाट फुटवल खेल सञ्चालनका लागि विस्तृत कार्यक्रम सहित पेश गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरीयो :

क. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु - संयोजक

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

ख नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल - सदस्य

ग. नगर कार्यपालिका सदस्य श्री समिता वि.क. - सदस्य

१९. रामेछाप नगरपालिका वडा नं. ३ बाट प्रदेश सरकार प्रदेश नं. ३ भौतिक पूर्वाधार तथा योजना मन्त्रालयमा देहाय बमोजिमका योजना माग गरेकोमा सो को अनुमोदन गर्ने एवं माग भए वमोजिमका योजना वडा नं. ३ मा सञ्चालन गरी दिन भौतिक पूर्वाधार तथा योजना मन्त्रालयमा पुन अनुरोध समेत गर्ने निर्णय गरीयो :

क. सांघुटारको तल्लो बजार सडक ढलान,

ख. सांघुटारको कृष्ण मन्दिर देखि हिमगंगा मा.वि. सम्म मेसिनरी खुट्किला निर्माण,

ग. साघुटार बजारम रहेको पाटीको जग्गामा सामूहिक हल निर्माण,

घ. भ्यागुरे खोला कुमलटार खानेपानी योजना,

ङ.लक्ष्मीवास कमलावारी गोठगाउं सडक,

च. लाम्वीरे कमलावारी लिफ्ट खानेपानी योजना,

छ. वाघखोर बांकीमैरी सडक स्तरोन्नति ।

२०.२०७५ साल माघ १४ गते प्रदेश राजपत्र खण्ड २) (संख्या ३ मा प्रकाशित भएको मिति देखि नगरकार्यपालिका सदस्यहरुलाई नयां दर वमोजिम मासिक सुविधा उपलब्ध गराउने निर्णय गरीयो ।

२१. यस नगरपालिकामा विस्तृत योजना प्रतिवेदन सहित योजना सञ्चालन गरिदिन देहायका योजनाहरु एकिकृत शहरी विकास योजना कार्यालय काठमाडौमा अनुरोध गरी पठाउने निर्णय गरीयो :

क. रामेछाप नगरपालिका वडा नं. ६ साउने देखि-धमिनीछाप-खुसांनी डांडा- वोलङ वोलङ-फेमेटार-ओखलढुंगा सडक कालोपत्रे ,

ख. रामेछाप नगरपालिका वडा नं. ३ सांघुटार वजार देखि रामेछाप नगरपालिका वडा नं. ४ वोलङ वोलङमा ढल व्यवस्थापन तथा प्रशोधन ,

ग. रामेछाप नगरपालिका वडा नं. ६ साउने देखि खानीडांडा-सिमल भञ्ज्याङ्ग -रामपुर-कोलोञ्जर-लिखु सडक कालोपत्रे ,

घ. रामेछाप नगरपालिका वडा नं. २ शहिदगेट देखि देउराली वडा कार्यालय चिउरीवोट मोड नमुना सडक कालोपत्रे ,

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ङ. रामेछाप नगरपालिका वडा नं. ६ साउन देखि वडा नं. ५ रामपुर-वसन्तपुर-चुकियाघाट सडक कालोपत्रे ,

च. रामेछाप नगरपालिका वडा नं. ७ विर्ता ग्वालटार पक्की पुल,

छ. रामेछाप नगरपालिका वडा नं ७ रामेछाप-मुडाजोर-विर्ता-धनेघाट सडक कालोपत्रे,

ज. रामेछाप नगरपालिका वडा नं. ७ पालेवन-सिम्ले-सुनारपानी सडक कालोपत्रे,

झ. रामेछाप नगरपालिका वडा नं ८ सोलमारी -डुम्रीखर्क -सल्ले-माथिल्लो बाबिया खर्क -धारापानी सडक कालोपत्रे ,

ञ. रामेछाप नगरपालिका वडा नं. ८ भेटेरीनरी देखि लामा गाउं -वादी-सिमन्ती -डुंडे-भोल्टार सडक कालोपत्रे,

ट. रामेछाप नगरपालिका वडा नं. ५ चुकिया घाट पक्की पूल निर्माण,

ठ.रामेछाप नगरपालिका वडा नं. ९ मानेडांडा -सिमन्ती-रातमाटा-हर्दिनी सडक ग्रावेल,

ड. रामेछाप नगरपालिका वडा नं ९ ल्यांगल्याग भीमसेनस्थान शहरी वस्ती विकास

२२.यही २०७६ साल जेठ १५ गते यस नगरपालिकामा गणतन्त्र दिवस मनाउन रु. २००००।बीस हजार आन्तरिक आयबाट खर्च गर्ने निर्णय गरीयो ।

२३. चालू आ.ब. २०७५/७६ मा पुष्पलाल पार्क देखि कोलोञ्जरघाट सम्म सडक शीर्षकमा छुट्याइएको रु. १,३०,००,०००। मध्येबाट रु. ३०,००,०००। तीस लाख वडा नं. ८ को क्षेत्रमा उपभोक्ता समितिद्वारा काम गर्ने निणय गरीयो । साथै यस सडकमा राखिएको रकमबाट चालू वर्षमा खर्च भै बांकी हुने रकम पनि आगामी आ.व. २०७६/७७ मा यसै योजनामा विनियोजन गरी खर्च गर्ने निर्णय गरीयो ।

२४.यस नगरपालिका वडा नं.३ चमेरे ओडार झोलुङ्गे पुलका लागि नेपाल सरकार स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग बाट बजेट उपशीर्षक ३६५८०९ मा विनियोजन भएको रु. २० लाखबाट हाल झोलुङ्गे पुल निर्माणका लागि लागत अनुमान अनुसार रु. ८,१०,६०७। र सिमेण्ट खारिद र ढुवानीका लागि रु.२४४४२१। खर्च गर्ने निर्णय गरीयो ।

२५. आ.ब. २०७६/७७ मा रामेछाप नगरपालिका वडा नं. ८ स्थित हाट वजारका लागि न्यूनतम रु. १५००००।- एक लाख पचास हजार हुने गरी वढावढका लागि सूचना प्रकाशन गर्ने र साथै हाट बजार बैठकी दर आ.व. २०७५/७६ कै कायम हुने निर्णय गरीयो ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner